# सञ्चार गर्दा र जानकारी बाँड्दाको जोखिम

## उद्देश्यहरुः

- सहभागीलाई सञ्चार गर्दा र जानकारी बाँड्दाको जोखिम जानकारी गराउनु
- सहभागीलाई यसबारे आलोचनात्मक तरिकाले सोच्न लगाउने
- सहभागीलाई सहभागीहरुलाई डिजिटल पदचिहनसँग परिचित गराउनु र यो सँग सम्बन्धित मुद्दाहरु बुझाउनु

## कार्यशाला भन्दा अघि गर्नुपर्ने काम

- मिरो बोर्ड तयार पार्नुहोस्
  नोट: कार्यशालामा *Miro* को उपयोग गर्नको लागी सहजकर्ताले माथी लिंक गरिएको बोर्ड जस्तै एउटा बोर्ड बनाउनु आवश्यक छ। यो भिडियोले कार्यशालाहरुको लागी *Miro* को उपयोग गर्न सिकाउँछ।

- स्लाइड तयारी अवस्थामा राख्नुहोस्

- सन्दर्भको लागि तलको क्रियाकलाप सिट लिनुहोस्
  - क्यामेरा अन गर्नुहोस्, यदि
  - टग-अफ-वार
  - परिदृश्यहरु

## सहजकर्ताका लागी नोट:

- यदि तपाई मिरो जस्तै हवाइटबोर्ड टूल प्रयोग गर्दै हुनुहुन्छ भने सुनिश्चित गर्नुहोस् कि सहभागीहरु यस साधनसंग परिचित छन। तपाइँ कार्यशाला को शुरुवातमा मिरो सँग परिचय गराउन एक छोटो २०-३० मिनेटको सत्र गर्न सक्नुहुन्छ, र त्यस पछी कार्यशाला को प्रवाहसंग अघि बढ्न सक्नुहुन्छ।
- भौतिक कार्यशालामा व्हाइटबोर्ड एप्लिकेसनको उपयोग गर्न सम्भव छैन भने तपाइँ स्टिकी नोट्स र न्यूजप्रिन्ट कागजको प्रयोग गरी सबै काम भौतिक रूपमै गर्न पनि सक्नु हुन्छ।
- यो कार्यशाला संचालन गर्न सहजकर्तासँग निश्चित स्तरको सिकाई सम्बन्धित सामग्रीको ज्ञान हुन आवश्यक पर्दछ। कृपया कुनै पनि अपरिचित विषयवस्तु भेट्नु भएमा, त्यस सम्बन्धि जानकारीको लागी यस डिजिटल टुलकिटको "***theme 3: Communicating and Sharing Digital Contents***"मा हेर्नुहोस्।

## प्रयाग भएका टूलः

- Miro

# कार्यतालिकाः

| शीर्षक | उद्‌देश्य | वर्णन |
|---|---|---|
| परिचय र ताजगी<br><br>१५ मिनेट | विषयवस्तुमा प्रवेश गर्नुअघि सहभागीलाई रिफ्रेस महसुस गराउने।<br><br>सहभागीलाई जानकारी सेयर गर्ने शैलीबारे जानकार बनाउने। | सहजकर्ताको परिचय र कार्यशालाको समग्र बिषयवस्तु बारे जानकारी दिएर शुरु गर्नुहोस्।<br><br>क्यामेरा अन गर्नुहोस्, यदि . . . नामक क्रियाकलापबाट ताजगी क्रियाकलाप गर्नुहोस्।<br><br>सहजकर्तालाई सुझावः क्रियाकलाप बारे थप जान्न क्रियाकलाप सिटलाई सन्दर्भ सामग्रीको रुपमा प्रयोग गर्नुहोस् ।<br><br>गतिविधि पछि, सोध्नुहोस् - के गतिविधि रमाईलो थियो? गतिविधि को मुख्य सिकाइ के थियो होला?<br><br>सहभागीको प्रतिक्रिया लिनुहोस् र 'मानिसहरु आफ्नो बारेमा जानकारी सेयर गर्न रमाइलो मान्छन्, मानिसको यही चरित्र नै सोसल मिडिया प्लेटफर्म सफल हुनुको प्रमुख कारण हो' भनेर भन्नुहोस् ।<br><br>आजको कार्यशालामा हामी अनलाइनमा जानकारी सेयर गर्दा हुने जोखिमको बारेमा विस्तृतमा छलफल गर्नेछौं भनेर बताउँनुहोस् । |
| सञ्चार तथा जानकारीको सेयरिङ<br><br>२५/४० मिनेट | हामीले अहिले अनलाइनमा सेयर गर्ने जानकारी तथा अनलाइनमार्फत हुने सञ्चारको राम्रा र नराम्रा पक्षबारे सहभागीहरुलाई मूल्यांकन गर्न गराउने । | सोध्नुहोस्: डिजिटलाइजेसनको कारणले हामीले जानकारी सेयर गर्ने तरिकामा कसरी परिवर्तन आएको छ ?<br><br>डिजिटल संसारमा जानकारी सेयर गर्दा वा सञ्चार गर्दाको फाइदा र बेफाइदा बारे सोच्न टग-अफ-वार क्रियाकलापको प्रयोग गर्नुहोस् ।<br><br>सहजकर्तालाई सुझावः क्रियाकलापलाई विस्तृतमा बुझ्नको लागि यो क्रियाकलाप सिटको सन्दर्भ प्रयोग गर्नुहोस् ।<br><br>यो क्रियाकलापको लागि मिरो फ्रेमलाई स्क्रिनमा देखाउनुहोस् । संक्षिप्त रुपमा व्याख्या गरिसकेपछि लिंकलाई सेयर गर्नुहोस् । सहभागीलाई यो क्रियाकलापको लागि १५ मिनेट समय हुनेछ । समय सकिएपछि, स्क्रिन देखाउनुहोस् र ५ मिनेट समय लिएर सबै बोर्ड देखाउनुहोस् । सहभागीहरुले कुनै रुचीकर, कौतुहलता जगाउने वा द्धिविधा हुने कुरा देखे कि सोध्नुहोस् । |

| | | |
|---|---|---|
| जानकारी सेयर गर्दाको नतिजा<br><br>४५/८५ मिनेट | सामान्य अनलाइन परिदृश्यको बारेमा सहभागीलाई सोच्न लगाउनुहोस् ।<br><br><br>अनलाइनमा जानकारी सेयर गर्दा हुने हुने जोखिमको बारेमा सहभागीलाई सचेत गराउने । | यो खण्डमा, सञ्चार तथा जानकारी सेयरिङको बिषयमा सहभागीहरुले विस्तृतमा खोज गर्नेछन् ।<br><br>सोध्नुहोस्– अनलाइनमा जानकारी सेयर गर्दाको केही नराम्रो परिणाम के हुन सक्छ ? यसको जोखिममा को छन् ?<br><br>सहभागीले दिने उत्तरको आधारमा छलफल गर्नुहोस् । उनीहरुले भनेको नतिजामा थप छलफल गर्नुहोस् र कारण पत्ता लगाउने प्रयास गर्नुहोस् ।<br><br>हरेक लिंकलाई सम्बन्धित समूहमा राख्नुहोस् ।<br>• सामाजिक सञ्जालमा फोटो सेयरिङ<br>• अनलाइनमा नयाँ साथी बनाउने<br>• सामाजिक सञ्जालमा निजी जानकारी बाँड्ने<br>• टेक सेवा प्रदायकबाट आउने इमेल<br>• नयाँ ठेगानाबाट आउने इमेल<br><br>अनलाइनमा जानकारी सेयर गर्दाको केही परिदृश्यबारेमा अब सहभागीहरुले थप छलफल गर्नेछन् । हरेक समूहलाई एउटा परिदृश्य दिनुहोस् । आफ्नो स्क्रिन प्रस्तुत गर्नुहोस् र परिदृश्य सम्बन्धीत क्रियाकलाप सिट देखाउनुहोस्। त्यसको लिंक साझा गर्नुहोस्।<br><br>यो क्रियाकलापको लागि मिरो फ्रेमलाई स्क्रिनमा देखाउनुहोस् । संक्षिप्त रुपमा व्याख्या गरिसकेपछि मिरो लिंकलाई सेयर गर्नुहोस् । सहभागीलाई यो विश्लेषण र मिरो बोर्डमा लेख्नको लागि १० मिनेटको समय हुनेछ । सहभागीले आफ्नो क्रियाकलाप सुरु गर्नुअघि, समूहका एक जनाले आफ्नो समूहको प्रस्तुति दिनुपर्छ भनेर भन्नुहोस् । सामूहिक क्रियाकलाप गर्दा आफ्नो प्रतिनिधित्व गर्ने एक जना व्यक्ति छान्न भन्नुहोस् ।<br><br>उनीहरुले क्रियाकलाप सकेपछि, स्क्रिनमा मिरो बोर्ड देखाएर हरेक समूहलाई आफ्नो काम प्रस्तुत गर्न लगाउनुहोस् । हरेक समूहलाई एक मिनेट समय दिनुहोस् ।<br><br>जानकारी सेयर गर्दाको निम्न लिखित जोखिमबारे संक्षिप्त रुपमा बताउनुहोस् । यदि यिमध्ये कुनै बुँदा सहभागीको प्रस्तुतिकरणमा आइसकेको छ भने तपाईंले वर्णन गर्ने बेला त्यसलाई सम्झिनुहोस् । यो व्याख्याको लागि १० मिनेट भन्दा बढी समय खर्च नगर्नुहोस् ।<br><br>• गोपनियता भंग |

| | | |
|---|---|---|
| | | • आर्थिक क्षति<br>• तनाव<br>• मानसिक स्वास्थ्यमा प्रभाव<br>• अरुले पिछा गर्न सक्ने<br>• दुर्व्यवहार |
| समीक्षा<br><br>१०/९५ मिनेट | सहभागीलाई यो कार्यशालामा भएको छलफल सम्झिन लगाउने<br><br>सहभागीलाई आफूले सिकेको कुरा सम्झाउन लगाउने | सहभागीलाई तलको वाक्य पूरा गर्न लगाउनुहोस् :<br><br>यो कार्यशालाले मलाई ................सम्झायो ।<br><br>मैले ....................सिकें ।<br><br>मलाई अहिले आएको प्रश्न..................................।<br><br>यो क्रियाकलापको लागि मिरो फ्रेमलाई स्क्रिनमा देखाउनुहोस् । संक्षिप्त रुपमा व्याख्या गरिसकेपछि लिंक सेयर गर्नुहोस् । यसको लागि सहभागीलाई ५ मिनेटको समय दिनुहोस् । २ मिनेट समय दिएर सहभागीको उत्तर सुन्नुहोस् ।<br><br>कार्यशाला अन्त्य गर्ने बेलामा, आधुनिक प्रविधिको आइसवर्ग प्रकृति (थोरै देखिने र धेरै नदेखिने पाटो) को बारेमा जानकारी गराउनुहोस् । हामी प्रविधि प्रयोग गर्दा नेपथ्यमा धेरै कुरा भइरहेको हुन सक्छ जसले अकल्पनीय जोखिम निम्त्याउन सक्छ । यस्तो अवस्था आउन नदिन हामीले अनलाईनमा सञ्चार गर्दा वा जानकारी सेयर गर्दा ध्यान पुर्याउनुपर्छ । |